# २०७६ कार्तिक १७ गते बसेको कार्यपालिका बैठकको निर्णय

निर्णय नं. १ :– सडक बोर्ड नेपालको प.सं.२०७६/०७७ ,मिति २०७६/०५/१२ ,च.नं. ४४० को पत्रानुसार चालु आ.व. २०७६/०७७ का लागि सडक बोर्ड नेपाल कार्यक्रम अन्तर्गतका सडक मर्मत कार्यक्रम अन्तर्गत रु. ४५ लाख बजेट सिलिङ्ग प्राप्त भएको र उक्त कार्यक्रम संचालन गर्न ३० प्रतिशत बजेट न.पा. म्याचिगं कोषबाट व्यवस्था गर्नु पर्ने प्रावधान भए बमोजीम आ.व.२०७६/०७७ का लागि सडक बोर्ड कार्यक्रमबाट प्राप्त हुने रकम र समपुरक कोष (म्याचिगं फंड) शिर्षकबाट विनियोजित (३० प्रतिशत) सहित एकमुष्ट विनियोजीत रु.६४,२८,५७१।४२ बजेटको सिमामा रही तपसिल बमोजिमका आयोजना ठेक्का प्रकियाबाट संचालन गर्ने गरी सडक बोर्ड नेपाल,मिनभवन,काठमाडौंमा सहमतिका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**तपशिल :**

| सि. नं | आयोजनाको विवरण | आयोजना स्थल | विनियोजीत बजेट | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | सडक बोर्ड नेपाल | न.पा.म्याचिगं | जम्मा रु. | |
| १. | टीकापुर सामुदायिक रेडियो एफ.एम.चोक देखि टीकापुर बहुमुखी क्याम्पस जाने कालोपत्रे सडक मर्मत आयोजना । | वडानं.१,टीकापुर, कैलाली | १२,२५,०००।०० | ५,२५०००।०० | १७,५०,०००।०० | |
| २ | नयां बिहानी पुर्नस्थापना केन्द्र अगाडीको चोक हुदैं खुला मञ्च जाने सडक ,सो सडक हुदैं आखा अस्पताल जाने सडक र ब्लक नं.१४ हुदैं एयरपोर्ट जाने कालोपत्रे सडक मर्मत आयोजना । | वडानं.१,टीकापुर, कैलाली | १०,८५,०००।०० | ४,६५,०००।०० | १५५०,०००।०० | |
| ३ | खकौला सडक बिष्ट आयल स्टोर देखि पशुहाट बजार हुदैं शंकरपुर जाने कालोपत्रे सडक मर्मत आयोजना । | वडानं.१,टीकापुर, कैलाली | ८,४०,०००।०० | ३,६०,०००।० | १२,००,०००।० | |
| ४ | ब्लक नं १४ नेपाल बैंक लिमिटेड अगाडीको चोक खकौला सडक हुदैं शंकरपुरजाने सडक तथा खकौला सडकबाट पुलबारी एफ.एम.हुदैं ब्लक नं.२४,२५ जाने कालोपत्रे सडक मर्मत आयोजना । | वडानं.१,टीकापुर, कैलाली | ७,५५,०००।०० | ३,२३,५७१।४२ | १०,७८,५७१।४२ | |
| ५ | टीकापुर बसपार्क देखि व्यवसायक्षेत्र जाने सडक तथा खकौला सडक देखि गणेशमान मार्ग हुदैं पार्क जाने कालोपत्रे सडक मर्मत आयोजना | वडानं.१,टीकापुर, कैलाली | ५,९५,०००।०० | २,५५,०००।०० | ८,५०,०००।- | |
| | जम्मा रु. | | ४५,००,०००।०० | १९,२८,५७१।४२ | ६४,२८,५७१।४२ | |

**निर्णय नं. २ : (क)** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (घ) को उपदफा ६ अनुसार यस नगर क्षेत्र भित्र भएर बग्ने, आई.ई.ई (IEE) गरेका र घाटगद्दि तोकिएका नदी खोलाहरुबाट ढुंगा, गिट्टी, बालुवा, भरान, ग्राभेल आदी प्राकृतिक एंव खानीजन्य वस्तुमा प्राकृतिक श्रोत कर संकलन गर्ने कार्यका लागि आई.ई.इं प्रतिवेदन , २०७५ मा उल्लेख गरिएको स्थान/घाट मध्ये सत्ती घाट (ख) क्षेत्रमा बर्दिया जिल्ला, राजापुर नगरपालिका सँग सिमा विवाद देखिएको र स्थानीय व्यक्तिहरुले समेत आफ्नो लालपूर्जा रहेको भनी विवाद गर्ने गरेकोले उक्त क्षेत्र बाहेकका क्षेत्रमा चालु आ.व. ०७६/०७७ का लागि राष्ट्रिय स्तरको पत्रिकामा समयाभावका कारण १५ दिने सूचना प्रकासन गर्ने निर्णय गरियो ।

**ख)** आ.व. ०७५/०७६ का लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (घ) को उपदफा ६ अनुसार यस नगर क्षेत्र भित्र भएर बग्ने, आई.ई.ई (IEE) गरेका र घाटगद्दि तोकिएका नदी खोलाहरुबाट ढुंगा, गिट्टी, बालुवा, भरान, ग्राभेल आदी प्राकृतिक एंव खानीजन्य वस्तुमा प्राकृतिक श्रोत कर संकलन गर्ने कार्यका लागि यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र वडा नं. १ स्थित श्री निराजन कन्स्ट्रक्सन बीच भएको सम्झौता बमोजिम रकम संकलन हुन नआएको पाईएकोले रकम असुल उपरका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**ग)** यस नगर क्षेत्र भित्र भएर बग्ने नदी खोलाहरुबाट ढुंगा, गिटि, बालुवा, भरान, ग्राभेल आदीबाट आ. व. ०७६/०७७ का लागि कर संकलनका लागि सिलबन्दी बोलपत्र सम्बन्धी सूचना प्रकासन गरी सम्झौता हुँदाका बखत सम्म केहि समय लाग्ने देखिएकोले उक्त अवधिभर नियम विपरित कँहि कतै कसैले अनाधिकृत रुपमा ढुंगा, गिटि, बालुवा, भरान, ग्राभेल संकलन, ओसारपसार वा प्रयोग गरेको पाईएमा निम्नानुसार जरिवाना तोकि लिने निर्णय गरियो ।

**तपसिल :**

१. ट्रयाक्टरबाट संकलन गर्नेका लागि पहिलो पटकका लागि रु. ५,०००।(पाँच हजार)।
२. ट्रिपरबाट संकलन गर्नेका लागि पहिलो पटकका लागि रु. १०,०००।(दश हजार) ।
३. दुवैको हकमा दोस्रो पटक देखि रकम दोब्बर हुने ।
४. यसरी संकलन हुन आउने रकमको २५ प्रतिशत जानकारी गराई सहयोग गर्नेहरुलाई उपलब्ध गराईने ।

**निर्णय नं. ३ :** टीकापुर नगरपालिका १ नं वडा कार्यालय रहेको भवनमा कार्यालय संचालनका लागि कोठाहरु अप्रयाप्त एंव निकै साँगुरो भई सहज रुपमा कार्यालय संचालन तथा व्यवस्थापन गर्न समस्या भएको साथै सेवाग्राहीहरुको अत्यधिक भिड रहने भएकोले व्यवस्थित रुपले कार्यालय संचालन गर्नका लागि प्रति महिना अधिकतम रु. २० हजार का दरमा घर भाडा लिई कार्यालय संचालन गर्ने साथै आ.व. ०७६/०७७ का लागि घरभाडा शिर्षकमा विनियोजित बजेट न्यून हुने

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम

भएकोले उक्त रकम भैपरि चालु शिर्षक बाट विनियोजन गरी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४ :** सुदुरपश्चिम प्रदेश महिला उद्यमी समितिद्धारा आयोजित प्रविधि प्रदर्शनी मेला २०७५, का लागि आर्थिक सहयोगको माग भई यस नगरपालिकामा निवेदन पेश भएकोमा कार्यपालिकाको मिति २०७५ चैत्र १ गतेको नि.नं. ३१ बाट रु. ५० ,०००।-(पचास हजार) विनियोजन गरिएकोमा कारणवश उक्त रकम भुक्तानी नभएको पाईएकोले उक्त रकम रु. ५०,०००।- (पचास हजार) चालु आ.व. ०७६/७७ का लागि भैपरी चालु शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ५ :- विभिन्न वडाबाट माग भई आएका मर्मत सम्भार गर्नुपर्ने सडक, भवन, पुलपुलेसा लगायतका पूर्वाधार तर्फका योजनाहरुको मर्मत कार्य मर्मत सम्भार कोष तथा विविध भैपरि आउने पूंजिगत बजेट शिर्षकबाट खर्च हुने गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको प्रक्रियाबाट संचालन गर्ने निर्णय गरियो ।

मिर्णय नं. ६ :- क) नगर क्षेत्र भित्र रहेका ऐतिहासिक महत्व बोकेका मन्दिरहरुको संरक्षण/सम्बर्द्धन र प्रर्बद्धनका साथै अन्य आवश्यक दैनिक ब्यवस्थापनका लागि आ.व. ०७६/०७७ मा **नगर भित्रका पर्यटकीय र सांस्कृतिक महत्वका क्षेत्र संरक्षण, निर्माण र प्रबर्द्धन विविध परिकार मेला** कार्यक्रममा विनियोजित बजेटबाट तपसिल बमोजिम रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क.सं | मन्दिरको नाम तथा ठेगाना | बजेट रकम | कैफियत |
|---|---|---|---|
| १ | पद्‌म प्रकाशेश्वर महादेब मन्दिर संरक्षण समिति, नारायणपुर , वडा नं. ७ | १,००,०००।- | |
| २ | शिव मन्दिर, वडा नं. १, टी.न.पा | १,००,००० | |

**ख)** यस क्षेत्रको खेलकुद प्रबर्द्धनका लागि विभिन्न संस्था, क्लब, समुहबाट आर्थिक सहयोगका लागि अनुरोध भई आएकोमा आ.व. ०७६/७७ का लागि **मेयर कप, उपमेयरकप लगायत अन्य खेलकुद कार्यक्रम शिर्षकमा** विनियोजित बजेटबाट तपसिल बमोजिम रकम उपलब्ध गराउने निर्णय गरियो ।

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश

तपसिल :

| क.सं. | संस्था/क्लब/समुह तथा कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|
| १. | राम जानकी युथ क्लब, टीकापुर-४ अस्नेहरी, खुल्ला एकल र डबल ब्याटमिन्टन प्रतियोगिता | २५,०००।- | |
| २. | टीकापुर वसपार्क युवा क्लब, टीकापुर-१, ( साफेबगर नगरपालिका, अछाममा खुल्ला पुरुष भलिवब प्रतियोगितामा सहभागिता) | १०,०००।- | |
| ३. | एन.बाल बाटिका विद्या मन्दिर, बर्दगोरिया गाउँपालिका-०२, बौनिया (प्रदेश ब्यापी विद्यालय स्तरीय क्रिकेट प्रतियोगिता) | ५,०००।- | |

टीकापुर नगरपालिका
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

नगर प्रमुख